# ठूलीभेरी नगरपालिका, डोल्पाको
# बालविवाह अन्त्यका लागि स्थानिय रणनीति
# २०८२/०८३ देखि २०८६/०८७

**ठूलीभेरी नगरपालिकाको कार्यालय**

**जुफाल, डोल्पा**

२०८२

**बालविवाह अन्त्यका लागि स्थानीय रणनीति २०८२**

प्रकाशन मिति : २०८२ पौष

छपाइ प्रति :

प्रतिलिपि अधिकार : ठूलीभेरी नगरपालिका जुफाल,डोल्पा

यो प्रकाशन नेपाल सरकार, ठूलीभेरी नगरपालिका, जुफाल,डोल्पा युनिसेफ नेपाल (UNICEF ) को सहकार्यमा प्रकाशित भएको हो ।

मस्यौदा तयारी समिति

१. श्री सुवास कठायत : संयोजक (संयोजक शुसासन तथा बाल अधिकार समिति /वडा अध्यक्ष वडा नं. ९)

२ . सन्तोष बहादुर खड्का (प्रमुख प्रशासकिय अधिकृत)

३. श्री सन्तोष गुरुङ : सदस्य ( युनिसेफ फोकल पर्सन )

४. श्री मनिसा खत्रीः सदस्य ( महिला तथा बालबालिका शाखा )

५. श्री सर्मिला महत : सदस्य ( न्यायिक समिति प्रतिनिधि)

सल्लाहकार

श्री श्वबर्ण कुमार बुढा ( नगर प्रमुख)

श्री छिरिङ टोल्मा महत (नगर उपप्रमुख )

श्री राजन कुमार डाँगी ( स्वास्थ्य शाखा)

श्री डिल प्रसाद रोकाया ( शिक्षा शाखा प्रमुख)

श्री रण बहादुर कार्की ( सामाजिक अभियन्ता )

श्री सम्पूर्ण वडा अध्यक्षहरु

लेखन सम्पादन (प्राविधिक सहयोग) : आयो टेक तथा आइ सि टी सेवा दुनै र सन्तोष गुरुङ ( युनिसेफ फोकल पर्सन )

# खण्ड क

१. प्रस्तावना :

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सवै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मूलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० बर्ष तोकिएको छ । नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हननको बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ । बाल विवाह उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ । दक्षिण एशियामा नेपाल बगंलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हनु पर्ने सामाजिक एवं सास्कृतिक मान्यता, लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन् । बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । बिशेष गरी बालिका र महिलाको सर्न्दभमा बाल विवाह ले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लघंनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिसांहरुले वालिका र महिलाहरु थप प्रताडित हनु पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एव ं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ । यस ठूलीभेरी नगरपालिकामा पनि वाल बिबाह एउटा मुख्य समस्याको रुपमा रहको हँदुा वाल बिबाह अनत्य गर्दै यस ठूलीभेरी नगरपालिकालाई वालबिबाह मुक्त नगर पालिका बनाउनको लागि यो रणनीति तयार गरी लागू गरिएको छ ।

२. बालबालिका सम्बन्धी राष्ट्रिय कानुन, नीति, रणनीति एवं योजनाहरुको संङ्क्षिप्त जानकारी

२.१ अर्न्तराष्ट्रिय प्रतिवद्धता :

नेपालले संयक्तु राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेको अढाई दशक पूरा भइसकेको छ । यस बीच संविधान, कानून, नीति, योजना, कार्यक्रम तथा संस्थागत व्यवस्थामा बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिता सम्बन्धी उल्लेखनीय प्रयास भएका छन् । नेपालले सन् १९९० सेप्टेम्बर १४ मा संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेको थियो । विश्वव्यापीस्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) प्राप्तिका लागि

एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसुची (SDGs) (२०१६–२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समाबेश गरिएको छ । नेपालले बालअधिकार सम्बन्धी महासन्धि १९८९ र महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९ लाई अनुमोदन गरिसकेको छ । नेपाल सरकारले सन् २०३० सम्ममा बालविवाहको अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालले बालअधिकार सम्बन्धी महासन्धि १९८९, महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख १९६६, यातना विरुद्धको महासन्धि १९८४, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना १९९४ (Program of Action adopted at the International Conference on Population and Development 1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिᐧ घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा बालअधिकार प्रवर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधीन आलेखहरू मार्फत विषेशतः बालअधिकार संरक्षणको क्षेत्रमा प्रतिवद्धता जाहेर गरेको छ ।

**२.२ नेपालको संविधान (२०७२)** :

धारा धारा ३१. शिक्षा सम्बन्धी हक :

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

३. अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।

४. दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्न र कानून बमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

धारा ३५. स्वास्थ्य सम्बन्धी हक :

१. प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन ।

२.  प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हनेुछ ।

४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

धारा ३८. महिलाको हक : महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा जस्तो सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

धारा ३९. बालबालिकाका हकहरु :

१. प्रत्येक बालबालिकालाई आफ्नो  पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई पा्ररम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**२.३ राष्ट्रिय कानूनी व्यवस्थाहरु :** बालबालिकाको अधिकार सुनिश्चित गर्न थुप्रै कानूनी व्यवस्था गरिएको छ, जसमा बालबालिका सम्बन्धी ऐन २०७५, बालश्रम (निषेध र नियमित) गर्ने ऐन २०५६,

स्थानीय सरकार संचालन ऐन, २०७४ बालबालिकाका निम्ति विशेष ऐनका रुपमा रहेका छन् भने, मुलुकी अपराध (संहीता) ऐन, मुलुकी देवानी (संहीता) ऐन, २०७४, लगायत अन्य धेरै ऐनहरुमा बालबालिकाका सम्बन्धी थुप्रै व्यवस्थाहरु भएको पाइन्छ । यस अतिरिक्त बालन्याय (कार्यविधि) नियमावली, २०६३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ लगायतका अर्को तहका दस्तावेजहरु रहेका छन् । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण गर्ने) ऐन, २०६४ र यसको नियमावली २०६५, घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६६, कमैया (श्रम निषेध गर्ने) सम्बन्धी एने , २०५८, बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८, बाल हेल्पलाइन संचालन कार्यविधि २०६४, निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकिकृतका साथै हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि निःशुल्क फोन नं. १०४ सहित बालबालिका खोजतलास केन्द्र संचालनमा रहेका छन् । बालसंरक्षण तथा बालअधिकार सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग सम्वन्धित ऐन कानूनहरुका साथै विभिन्न कार्यक्रमगत व्यवस्थाहरु, मन्त्रिपरिषद देखि मन्त्रालयसम्मका निर्णयहरुबाट कार्यान्वयनमा रहेकाछन् । यसका साथै बालश्रम अन्त्यका लागि राष्ट्रिय गुरु योजना २०७५ देखि २०८५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ बालबालिकाको संरक्षणका लागि बनेका प्रमुख दस्ताबजे को रुपमा रहेको पाईन्छ ।

**२.४ मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७३. (बालविवाह गर्न नहुने)** :

१. विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन ।

२. उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ ।

३. उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**२.५ बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ :** बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रुपमा पहिचान गरेको छ । नीतिको रणनीति नं. ८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघसस्थाहरुलाई परिचालन गर्ने, बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ । यसैगरी रणनीति नं ९.३ मा स्थानीयस्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम संचालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।

**२.६ समग्र राष्ट्रिय कार्ययोजना (२०७०।०७१-२०७४।०७५)** :खासगरी सीमान्तकृत किशोरकिशोरीहरुलाइ असर पार्ने हानिकारक सामाजिक परम्परा, विभेद न्यूनीकरण सम्बन्धी नीतिगत व्यवस्था गर्ने र

निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने र बालविवाहमा परेका किशोरकिशोरी मूलतः किशोरीहरुलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुल्ला र वैकल्पिक शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरिएको छ ।

**३. नेपालमा बालविवाहको अवस्था** :

नेपाल बालविवाह गर्ने दक्षिण एशियाली मुलुकका प्रमुख देशहरु मध्ये बंगलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ । वि.स. २०६८ को जनगणना अनुसार नेपालमा एक लाख ३८ हजार १५ जना बालबालिकाको १० वर्ष नपुग्दै विवाह भएको देखिन्छ । त्यसमध्ये पनि एक लाख १५ हजार १ सय ५० बालिका रहेको तथ्याङ्कले देखाउँछ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ ले नेपालमा २० वर्षदेखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाको विवाह १८ वर्ष पुग्न अगावै भएको उल्लेख गरेको छ । अर्कोतर्फ यही उमेर समूहका ११ प्रतिशत पुरुषहरुको विवाह १८ वर्षभन्दा कम उमेरमा हुने गरेको छ ।

युनिसेफले प्रकाशित गरेको सन् २०१६ को तथ्याङ्क अनुसार नेपालमा ३७ प्रतिशत बालिका १८ वर्ष भन्दा कम उमेरमा विवाह गर्छन् । यसैगरी १० प्रतिशत बालिका १५ वर्ष भन्दा कम उमेरमा विवाह गर्छन् ।

विशेषगरी तराईका जिल्लाहरुमा तुलनात्मक रुपमा बालविवाह बढी हुने गरेको अध्ययनले देखाएको छ । विकट पहाडी जिल्ला अछाम, बैतडी, डोटी, बझाङ, दार्चुला आदिमा पनि बालविवाहको दर उच्च रहेको पाइन्छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ । राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरी क्षेत्रमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन । मधेशी समुदायका साथै सीमान्तकृत समूहहरु जस्तैः दलित, जनजाती र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा यो दर उच्च रहेको छ

**४.ठूलीभेरी नगरपालिकाको संक्षिप्त परिचय :**

नेपालको संवैधानिक,राजनैतिक र भौतिक विभाजन अनुसार ७७ जिल्ला मध्यको एक जिल्ला हो डोल्पा। संघियता स्थापना भय सँगै २०७३।११।२७ को राजपत्रमा प्रकाशित सुचना अनुसार ४ वटा महानगरपालिका, १३ वटा उपमहानगरपालिका २४६ वटा नगरपालिका, ४८१ वटा गाउँपालिका गरी ७४४ स्थानिय तह भित्र ६ गाउपालिका र २ नगरपालिका डोल्पामा रहेका छन्।सदरमुकाम सहित साबिका ४ गा वि स मिलि ठूलिभेरी नगरपालिका ११ वटा वडामा विभाजित छ। कर्णाली प्रदेशको यस नगरपालिकामा १८४० घरधुरि र जम्मा जनसंख्या ९८६१ छ भने क्षेत्रफल ४२१.३४ बर्ग कि.मि.रहेको छ। जिल्लाको मध्य भागमा पर्ने यस न पा को उत्तरमा शे फोक्सुन्धो गा पा र फोक्सुन्धो ताल दक्षिणमा रुकुम जिल्लाको सिमाना पुर्वमा काइके गा पा र पस्चिममा त्रिपुरासुन्दरी नगरपालिका पर्दछ ।

नगरपालिका हुदै ठूलिभेरि नदि बग्ने हुदा नगरपालिकाको नाम ठूलिभेरि रहन गयको हो । क्षेत्रि,ब्राम्हण, ठकुरी दलित,जनजाति तथा अन्य जातिको बसोबास रहेको छ र आ आफ्नै संकृति छ । सांस्कृतिक,धार्मिक र भौगोलिक विविधता सँगै चाडपर्ब अनि जात्राहरु पनि आफ्नै तरिकाले मनाउने गरिन्छ । मुख्य दशै तिहार सँगै साउने,माघे संक्रान्ति र विभिन्न पूर्णिमा हरु आफ्नै चलन अनुसार मनाउने गरिन्छ। पूर्णिमाहरुमा आ आफ्ना कुलका देउताका धामि नाचि चुट्किला खेलि, प्रसाद बाँडि मनाइन्छ भने माघे संक्रान्तिमा पिङ लगाइ रमाइलो गरि छोरि चेलिलाई दक्षीणा अंग्रास दिइ मनाइन्छ। साउने संक्रान्तिमा घरको छतमा राको बालि नकरात्मक सम्भावनाको अन्त्य होस भनि प्रार्थना गरिन्छ।

मुख्यत यहाका ९० प्रतिशत मानिस कृषि पेशामा निर्भर छन् र विभिन्न जडिबुटीको सम्भावना बोकेको यस नगरपालिकाका अझै ७५ प्रतिशत मानिस गरिबीको रेखा मुनी रहेका छन्। स्थानिय तहमा स्वास्थ्य,शिक्षा,कृषि,खानेपानि,जनचेतना र भौतिक पुर्वाधार विकासमा विभिन्न क्षेत्रमा जिल्ला समन्वय समिति र नगरपालिकाको सहकार्यमा सरकारि गैरसरकारि संस्थाहरुले काम गरिरहेका छन्। छुवाछुत, छाउपडि, धामिझाक्रि र अन्ध विस्वास जस्ता सामाजिक कुरिति कम गर्न विभिन्न अभ्यास भयपनि अझै विधमान छन्। विभिन्न पर्यटकिय स्थल सँगै ऐतिहासिक,साँस्कृतिक र धार्मिक क्षेत्र हरु रहेको पाइन्छ। नेपालको मानचित्रमा यसको फैलावट २८.५६डिग्रि देखि २८.९९ डिग्रि उत्तरी अक्षांश र ८२.५४ डिग्रि देखि ८२.९० डिग्रि पूर्वी देशान्तरसम्म रहेको छ । सतहबाटमुद्री सतह बाट १९०० मी. को उचाइदेखि ५००० मी. को उचाइसम्म यस नगरपालिकाको सतह रहेको छ ।कर्णाली प्रदेश अन्तर्गत पर्ने डोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा ठूलिभेरी नगरपालिका पर्दछ । नगर कार्यपालिकाको कार्यालय ठूलिभेरी नगरपालिका जुफाल वडा नं. ७ मा अवस्थित रहेको छ ।

| | |
|---|---|
| प्रदेश | : कर्णाली |
| जिल्ला | : डोल्पा |
| नगर कार्यपालिकाको कार्यलय | : ठूलिभेरी नगरपालिका जुफाल |
| वडा संख्या | : ११ |

संबिधानको घोषणा पछि नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतीमा पूर्ण रुपले प्रवेश गरिसकेको अवस्था छ । यसै पद्धती अनुरुप राज्यलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा रहेर शासन सञ्चालनको ब्यवस्थाकासाथ क्रमिक रुपले कार्यान्विनयको चरणमा अघि बढीरहेकोछ । संविधान प्रदत्त स्थानीय तहका अधिकार क्षेत्र र स्थानीय विकासका आधारभुत क्षेत्रहरूको प्रभावकारी कार्यान्वयनको माध्यम बाट मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आम नेपालीकालागि आजको प्रमुख अभिभारा भएकोछ । यस अभिभारालाई परिणाममुखि बनाउन स्थानीय सरकारको हैसियतमा स्थानीय तहले संपादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सास्कृतिक विकास र विस्तारका कार्यहरूलाई स्थानीयबासिहरूकै सहभागिता र साझेदारीमा ब्यवस्थित, प्रभावकारी र समयबद्धरुपमा वालमैत्री स्थानीय शासनको मूल मर्म र भावना बमोजिम बर्तमानको आवश्यकताका आधारमा बालमैत्री नगर

घोषणालाई ब्यवस्थापनकालागि आधार तयार पार्नु अनिवार्य छ । तसर्थ ठूलीभेरी नगरपालिकाले यथार्थ सूचनाका आधारमा वालवालिकाहरूको आधारभुत अवस्था पहिचान गरी उनीहरूका चाहाना र आवश्यकता कमिक रुपले पुरा गर्दै यस नगरलाई वालमैत्री नगरको रुपमा बिकास गर्न आधारभुत तथ्याङ्क वा बिबरण आवश्यक पर्ने भएकाले यस नगरको वालवालिकाको वस्तुगत विवरण आवश्यक रहेको छ ।

## ५. ठूलीभेरी नगरपालिकामा बालविवाहको अवस्था

बालविवाहको अवस्था पत्ता लगाई प्रभावकारी रणनीति तयार पार्नको निमित्त राष्ट्रिय जनगणना २०७८ बमोजिम यस नगरपालिकाको जम्मा ९८६१ जनसंख्याको २० बर्ष मुनिका किशोर २३ प्रतिशत अर्थात २२६८ जना र किशोरी १९.९ प्रतिशत अर्थात १९६१ जना रहेको छ । डोल्पा जिल्लामा जम्मा विवाहको १३.८ प्रतिशत बालविवाह भए पनि  यस नगरपालिकाको वडा अनुसार तलको तालिका बमोजिम बाल बिवाह भएको पाइयो ।

राष्ट्रिय जनगणना २०७८ बमोजिम यस नगरपालिकाको वडा अनुसार बालविवाहको विवरण

| क सं. | १५ बर्ष मुनिको उमेरमा भएको बालविवाह वडा नं. | संख्या | १८ बर्ष मुनिको उमेरमा भएको बालविवाह वडा नं. | संख्या |
|---|---|---|---|---|
| १ | १ | २ | १ | १५ |
| २ | २ | १ | २ | १५ |
| ३ | ३ | ३ | ३ | १७ |
| ४ | ४ | २ | ४ | ९ |
| ५ | ५ | २ | ५ | २० |
| ६ | ६ | ४ | ६ | ४० |
| ७ | ७ | ५ | ७ | २३ |
| ८ | ८ | ० | ८ | १० |
| ९ | ९ | ० | ९ | ५ |
| १० | १० | १ | १० | ९ |
| ११ | ११ | १ | ११ | ९ |
| जम्मा | | २१ | जम्मा | १७२ |

राष्ट्रिय जनगणना २०७८

उक्त तथ्यांकलाई विश्लेषण गर्दा जम्मा ४२२९ मध्ये २१ जनाले १५ वर्षको उमेर नपुग्दै विवाह गरेको पाइयो र १७२ जनाले १८ बर्ष नपुग्दै विवाह गरेको पाइयो त्यसैले कानूनी रुपमा उमेर नपुगेर १९३ जनाले विवाह गरेको पाइयो । तथ्यलाई विश्लेषण गर्दा तुलनात्मक रुपमा केटाभन्दा केटीहरुले कम उमेरमा विवाह गरेको पाइन्छ । बालविवाहमा परेका मध्ये १९३ जनामा १२.७५% ले मागी विवाह,

२२.९२% ले भागी विवाह र ६४.३३% ले प्रेमविवाह गरेको सामुहिक छलफल बाट निकालिएको छ । ३६ जना (१३ केटा र २३ केटी) ले कक्षा ६ देखि १२ कक्षा पढ्दापढ्दै विवाह गरेका छन् । विद्यालय पढ्दापढ्दै बालविवाह गरेका ३६ जना मध्ये १६ जनाले मात्र आफ्नो पढाईलाई निरन्तरता दिएको र बाँकी २० जनाले विवाह पश्चात विद्यालय छोडेको पाइयो । यसै गरी १२ जना किशोरीले २० वर्ष उमेर नपुग्दै पहिलो बच्चा पाएका छन् ।

## ६. रणनीति तर्जुमा प्रक्रिया र अध्ययनबाट प्राप्त नतिजा :

६.१ रणनीति तर्जुमा प्रक्रिया : बालविवाह अन्त्यका लागि स्थानीय रणनीति २०८२ को मस्यौदा तयारका लागि नगरपालिका स्तरीय एक मस्यौदा समितिको गठन गरिएको थियो । युनिसेफ नेपाल र ठूलीभेरी नगरपालिका कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा यो रणनीति तयार भएको हो । प्राप्त तथ्य तथ्यांकहरु, मिति २०८२।०८।०९ गतेको सरोकारवालाहरुसँग गरिएको छलफल तथा अर्न्तक्रियाबाट प्राप्त सुझाव तथा पृष्ठपोषण, लक्षित समूह छलफल (जनप्रतिनिधि,प्रहरी,महिला,न्यायिक समिति,बाल क्लब, समुदाय, बाल संरक्षण समिति आदि) बाट प्राप्त नतिजा र सहायक सर्न्दभ सामग्रीहरुलाई यो रणनीति तर्जुमाको आधार लिइएको छ । यो रणनीति तयार पार्न तपशिलको प्रक्रिया अपनाइएको थियो ।

- नगरपालिका स्तरमा एक रणनीति मसयौदा समिति गठन ।

- सरोकारवाला निकायहरु (कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका पम्रुख, बाल समूह, स्थानीय प्रहरी निकाय, न्यायिक समिति, अपांग समिति, युनिसेफ नेपाल लगायतका प्रतिनिधिहरु) को सक्रिय सहभागितामा प्रारम्भिक कार्यशाला गोष्ठी, अन्तक्रिया तथा छलफल सञ्चालन ।

- बाल समुह, बाल अधिकार समिति र लक्षित समूहसँग छलफल र अर्न्तक्रिया संचालन ।

- प्रारम्भिक गोष्ठीमा नगरपालिका क्षेत्रमा बालविवाह हुनुका मुख्य कारण, न्यूनीकरणका उपायहरुको आवश्यक कार्ययोजनाको बारेमा छलफल ।

- २०८० बैशाख देखि २०८२ चैत सम्ममा विवाह गर्ने व्यक्तिको सर्भेक्षण गरी बालविवाह र गैरकानूनी विवाह गर्ने जोडीको संख्या पहिचान र विश्लषेण ।

- बालविवाह रणनीतिका उद्देश्यहरुको पहिचान गरी स्रोत र कार्ययोजना तयार साथै सरोकारवाला निकायको भूमिका र जिम्मेवारी बाडँ फाँड ।

- नगरपालिका क्षेत्रभित्रका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी बालविवाह न्यूनीकरण रणनीति मस्यौदा समितिमा छलफल ।

- प्रारम्भिक मस्यौदा लेखन र नगरपालिका स्तरको रणनीति मसौदा समितिमा पेश र छलफल । नीतिगत कानूनी तथा अन्य सल्लाह सुझाव संकलन ।

- नगरपालिका स्तरको रणनीति मसौदा समितिबाट अनुमोदन गरि बिद्यायन समितमा पेस गरि बिद्यायन समितिमा छलफल गरी कार्यपालिकामा सिफारिस ।

- नगरकार्यपालिकाबाट बालविवाह न्यूनीकरण रणनीति पारित तथा स्वीकृत ।

नेपालले बाल अधिकार तथा बाल संरक्षणका लागि अन्तर्राष्टिय् स्तरमा गरेका प्रतिवद्धता तथा संवैधानिक र कानुनी व्यवस्थाहरु, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले राखेको लक्ष्य हासिल गर्न र ठूलीभेरी नगरपालिकाले गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै यस ठूलीभेरी नगपालिकालाई बालविवाह मुक्त बनाउनका लागि बालविवाहको अन्त्य गर्ने प्रतिवद्धताका साथ यो रणनीति तयार गरी आगामी बस्ने कार्यपालिका बैठकबाट पारित गरी लागू गरिनेछ ।

६.२ अध्ययनबाट प्राप्त नतिजा (बालविवाहका मुख्य कारण र परिणामहरु) :

बालविवाह विद्यमान रहनुमा धेरै कारणहरु छन् भने परिणामको रुपमा बालबालिकाको अधिकार हनन्, बालापन शोषण, सामाजिक आर्थिक परिस्थितिमा नकारात्मकता र देशका भावी कर्णधारहरुको उचित शिक्षा दीक्षा नहुनु रहेको छ । बालविवाहको अवस्था अध्ययनका लागि गरेको सर्भेक्षण, लक्षित समूह छलफल, सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रिया, मुख्य व्यक्तिहरुसँग गरिएको अन्तर्वार्ता र स्रोत सामग्रीहरुको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा यस ठूलीभेरी नगरपालिकामा बालविवाह हुनुका मुख्य कारणहरु र तिनका प्रभावहरुलाई बुँदागद रुपमा तल प्रस्तुत गरिएको छ :

बालविवाहका मुख्य कारणहरु :

- साथीहरुको लहैलहैमा लाग्नु र साथीहरुको दबाबलाई नकार्न नसक्नु ।
- बालविवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी ।
- उमेर नपुग्दै हुने विवाहबाट हुन सक्ने हानी र थप समस्याको बारेमा जानकारी नहुनु ।
- बालबालिका सम्बन्धी विद्यमान नीति, कानून र रणनीतिको प्रभावकारी कार्यान्वयन नहुनु ।
- किशोरकिशोरीहरुको विद्यालय शिक्षामा निरन्तरताको कमी ।
- किशोरकिशोरीमा अपरिपक्वता र ज्ञानको अभाव ।
- आधुनिक सामाजिक सञ्जालको गलत प्रयोग ।

- विवाह सम्बन्धी परम्परागत गलत मूल्य मान्यताहरु ।
- गरिबी र परिवारको दबाव ।
- गरगहना लगाउन पाइने, प्रेमले भरिपूर्ण जीवन र विवाहपछि विद्यालय जान नपर्ने सोचाई ।

बालविवाहका मुख्य असरहरु :

- पारिवारिक मायाममताबाट बञ्चित भई उमेर नपुग्दै पारिवारिक जिम्मेवारी वहन गर्नुपर्ने ।
- विद्यालय शिक्षामा निरन्तरता दिन नसक्नु र भावी दिनहरुमा बेरोजगारीको चपेटामा पर्नु ।
- बाल अधिकारको हनन् भई विभिन्न प्रकारका शोषणहरुको शिकार हुनु ।
- बाल मजदुरीको दलदलमा फस्नु ।
- किशोरीहरुको शारीरिक, प्रजनन, बौद्धिक र मानसिक स्वास्थ्यमा प्रतिकुल असर पर्नु ।
- कम तौल र अपरिपक्व बच्चाको जन्म हुनु र गर्भवती तथा सुत्केरी अवस्थामा विभिन्न जटिलता आई आमा र बच्चा दुबैको ज्यान समेत जान सक्ने खतरामा पर्नु ।

## ७. बालविवाह न्युनिकरणका लागि रणनीति योजनाको औचित्य :

७.१ नेपालमा बालविवाहलाई दण्डनीय अपराध मानेतापनि यो प्रचलनलाई अझै पनि पूर्णरुपमा हटाउन सकिएको छैन । नेपालको संविधानले महिला तथा बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसका साथै संविधानतः बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने र महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चिता समेत गरेको हुँदा बालविवाह अन्त्यका लागि प्राथमिकताकासाथ कार्यक्रम तय गरी कार्यान्वयन गर्नका लागि यो रणनीति आवश्यक छ ।

७.२ बालविवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा संघ, प्रदेश र स्थानीय सरकारका साथै सरकार सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं बालबालिकाको अर्थपूर्ण एव सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा तत् निकायहरु बीचको सहकार्य र समन्वयबाट एकीकतृ रुपमा प्रयास केन्द्रित गर्न आवश्यकता छ ।

७.३ स्थानीय तहमा बालविवाहको अन्त्य गर्ने र बालविवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै देश विकासमा उनीहरूको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

७.४ सन् २०३० सम्ममा नेपाललाई बालविवाह मुक्त देश घोषणा गर्ने लक्ष्यका साथ बनेको बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ सफल पार्नका लागि तत् अनुसारको स्थानीय रणनीति बनाई राष्ट्रिय रणनीतिलाई औपचारिक रुपमा कार्यान्वयनमा ल्याउन नितान्त आवश्यक छ ।

७.५ बालविवाहलाई केन्द्रविन्दुमा राखी एकिकृत र सम्पूर्ण सरोकारवाला तथा सहयोगी संस्था तथा निकायहरुको साझेदारीमा क्रियाकलाप संचालन गर्न ।

**८. रणनीतिका सिद्धान्तहरू :**

८.१ समानताको अधिकार :

प्रत्येक बालबालिकालाई उसको लिङ्ग धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव बिनाको समान अधिकार हुनुपर्दछ ।

८.२ बालबालिकाको सर्वोत्तम हित :

बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

८.३ बालबचाउ र विकास :

प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चत्तम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

८.४ बालसंरक्षण :

बालविवाह, बेचविखन तथा ओसारपसार जस्ता हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

८.५ अर्थपूर्ण सहभागिता :

बालबालिकासँग सरोकार राख्ने सबै विषयमा उमेर र परिपक्वता अनुरुप उनीहरूको कुरा सुन्ने र विचार व्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रक्रियामा सहभागिता वृद्धि भएको छ ।

८.६ राज्यका दायित्व :

नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६-२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लङ्घनको कारकतत्वको रुपमा रहेको बालविवाह रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था छ ।

## खण्ड-ख

(बालविवाह अन्त्यका लागि पञ्चवर्षिय रणनीतिक योजना (२०८२-२०८६)

### ९. दूरदृष्टि (Vision) :

बालमैत्री तथा लैङ्गिक समानता मूलक समाजको स्थापना गर्ने ।

### १०. ध्येय (Mission) :

बालअधिकार सुनिश्चित गरी बालविवाह मुक्त समाजको स्थापना गर्ने ।

### ११. लक्ष्य (Goal) :

वि.स. २०८५ सम्ममा ठूलीभेरी नगरपालिकालाई बालविवाह मुक्त नगरपालिका घोषणा गर्ने र २०८६ सम्ममा बालविवाह अन्त्य गर्ने ।

### १२. समग्र उद्देश्यहरू (Objectives) :

१२.१ बालविवाह अन्त्यका लागि विद्यमान काननू को प्रभावकारी कार्यान्वयन गर्न बाल संरक्षण संयन्त्रहरुको विकास गर्ने ।

१२.२ आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

१२.३ बालविवाह विरुद्धमा बालबालिका, किशोरकिशोरी, अभिभावक, युवा, सामदुायिक अगुवा, संघ संगठन आदिको क्षमता विकास गरी सबैको सक्रिय सहभागिताका साथ परिचालन गर्ने ।

१२.४ बालबालिकामाथि हुने सबै खाले भेदभाव, शोषण, कुटपिट, हिंसा, दुर्व्यवहारबाट बालबालिकाले आफूलाई सुरक्षित राख्न बालमैत्री वातावरणमा उजुरी गर्ने संयन्त्रको विकास गर्ने ।

१२.५ विशेष स्याहारको आवश्यकता भएका, जोखिम अवस्थामा रहेका तथा भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण र अधिकार हनन्का घटनाबाट पीडित/प्रभावित बालबालिकाको लागि शिक्षा, स्वास्थ्य, मनोसामाजिक सेवा, न्यायलगायतका सेवा सुविधाको सुनिश्चितता गर्ने ।

१२.६ स्थानीय सरकार, विकासका साझेदार संस्थाहरू तथा स्थानीय बाल संरक्षण संयन्त्रहरुको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

## १३. अपेच्छित उपलब्धिहरु :

१३.१ विभिन्न उमेर, लिङ्ग, असक्षमता, पारिवारिक पृष्ठभूमि भएका बालबालिका र तिनका परिवारहरूको सशक्तिकरण गरी प्रत्येक बालबालिकाको सुरक्षित जन्म, स्तनपान, खोप, हेरचाह, स्वास्थ्य, शिक्षा लगायत आधारभूत अधिकारको प्राप्तिमा वृद्धि भई बालविवाह न्युनिकरण भएको हुनेछ ।

१३.२ घरपरिवार, विद्यालय, समुदायमा बालबालिकाको अधिकार तथा सोका सम्बन्धमा वहन गरिनुपर्ने उत्तरदायित्वबारे चेतना अभिवृद्धि भएको हुनेछ ।

१३.३ घरपरिवार, विद्यालय, समुदाय एवम् उत्तरदायित्व वहन गर्ने सरकारी निकाय, स्थानीय तह, वडा समिति, गैर सरकारी संघसंस्था तथा नीजि क्षेत्र समेतमा बाल विकासका लागि गुणस्तरीय सेवा प्रदान गर्न निरन्तर बहस/पैरवी भएको हुनेछ । बालबालिकामाथि हुने सबै खालका हानी, हिंसा, दुर्व्यहार र बालविवाह, शोषण न्यूनीकरण गर्नका लागि बालसंरक्षण नीति र आचारसंहिता तयार गर्ने र सम्पूर्ण सरोकारवालालाई सोको पालना गर्न प्रोत्साहित गरिएको हुनेछ ।

१३.४ विद्यालय, स्वास्थ्य संस्था, स्थानीय निकायको कार्यपद्दतिका सन्दर्भमा बालमैत्री अवधारणा प्रवद्धर्न गर्न, बालमैत्री संरचनाको विकास र सुदृढीकरणका लागि क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य भएको हुनेछ ।

१३.५ बालबालिकासँग प्रत्यक्ष्य सम्बन्धित सरकारी निकायहरू र गैर सरकारी संघसंस्था बीच समन्वय, सहकार्य बढाई बालबालिकाका अधिकारको प्रत्याभूति तथा सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ ।

१३.६ बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकारी, गैर सरकारी, सामुदायिक, निजी तथा व्यावसायिक क्षेत्रसँग रहेको स्थानीय स्रोत साधनको पहिचान र परिचालन भएको हुनेछ ।

१३.७ बालबालिकाको संरक्षण र विकासको लागि सरकारी निकाय, गैर सरकारी संघसस्था तथा नीजि क्षेत्रको तर्फबाट कार्यान्वयनमा आएका नीति, रणनीति, र कार्ययोजनाको नियमित रुपमा समिक्षा, अनुगमन, तथा मूल्यांकन गर्ने सयंन्त्रको विकास भई क्रियाशिल भएको हुनेछ ।

१३.८ जुनसुकै उमेर र जुनसुकै किसिमका विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बाल समुह वा बाल अधकिार समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ ।

१३.९ कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा एक-एक ओटा बहिनी वा किशोरी समूह र बाल समुह/संजाल गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालनमा क्रियाशिल रहेका हुनेछन् ।

१३.१० प्रत्येक समुदायमा बालविवाह निगरानी समूहहरुको गठन भई बालविवाह न्यूनिकरणका लागि क्रियाशिल भएको हुनेछन् ।

१३.११ स्थानीय स्तरमा गठित टोल स्तरिय, वडा स्तरिय र विद्यालय स्तरिय समुह/संजाललाई परिचालन गरिएको हुनेछ ।

**१४. मुख्य रणनीतिक कार्यहरु :**

बालविवाह न्युनिकरण गर्दै यसको अन्त्यका लागि देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ :

१४.१ बालिका र किशोरीको सशक्तिकरण गर्ने :

१४.१.१ औपचारिक, अनौपचारिक, दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, सञ्चारका माध्यमहरु, बाल समुह/संजाल, युवाक्लब, बाल अधकिार समिति र सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असरहरूबारेमा सचेत गराई, आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने ।

१४.१.२ यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने ।

१४.१.३ विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाहरूका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको शिक्षाको पहुँच सुनिश्चित गर्ने ।

१४.१.४ सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने ।

१४.१.५ बालविवाह विरुद्ध सामूहिक पहलका लागि बालिकालाई समूह (बाल समुह, किशोरी समूह, बाल अधकिार समिति) निर्माण गरी विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने।

१४.२ बालिका र किशोरीहरुको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने :

१४.२.१ विद्यालयहरूमा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने।

१४.२.२ विद्यालय, बाल समुह/संजाल, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने ।

१४.२.३ भविष्यमा जीवन वृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।

१४.२.४ विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई बालमैत्री शिक्षण सिकाइ तालिम प्रदान गर्ने ।

१४.२.५ विद्यालयको व्यवस्थापन समितिले गर्ने निर्णय प्रक्रियामा बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

१४.२.६ बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध बालिका तथा किशोरीहरुको नेतृत्वमा जनचेतनामूलक अभियान सचांलन गर्ने ।

१४.२.७ छात्राहरुका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।

१४.२.८ बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई परिवार तथा विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।

१४.२.९ विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।

१४.२.१० बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचना तथा सेवावारे सु–सूचित गर्न स्थानीय स्वास्थ्य संस्था सँग समन्वय र सहकार्य गर्ने । विद्यालयमा सेनेटरी प्याडको व्यवस्था र व्यवस्थापन गर्ने ।

१४.२.११ बालविवाह, शोषण न्यूनीकरण गर्नका लागि बालसंरक्षण नीति र आचारसंहिता तयारी र कार्यान्वयन गर्ने ।

१४.३ बालक, किशोर तथा पुरुषहरूको सहभागिता :

१४.३.१ बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा सचेतना अभिबृद्धि गरी बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने ।

१४.३.२ सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बालविवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बालविवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारेमा जनमत सृजना गर्ने ।

१४.३.३ बालबालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।

१४.३.४ बालविवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बालविवाहमा सहभागी हुने तथा दाइजो/धनखाने जस्ता प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।

१४.३.५ बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने, उनीहरुसँग अन्तरक्रिया गर्ने र उनीहरुबाट लिखित प्रतिबद्धता लिने (धामी, पुरोहित, पुजारी) ।

१४.४ परिवार, बाल समुह र समुदायको परिचालन गर्ने :

१४.४.१ समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान संचालन गर्ने ।

१४.४.२ असल अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।

१४.४.३ सामाजिक संजालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाँक्रीको सहभागिता सुनिश्चित गरी बालविवाहका विरुद्धमा परिचालन गर्ने ।

१४.४.४ छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बालविवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको विषयको रुपमा स्वीकार गरी बालविवाहमुक्त नगरपालिका अभियान संचालन गर्ने ।

१४.४.५ गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवर्द्धन र क्षमतामा अभिवृद्धि गर्ने ।

१४.४.६ असहाय, अनाथ र जोखिमको अवस्थामा रहेका बालबालिकालाई संरक्षण तथा सहयोग प्रदान गर्ने समुदायमै संरक्षणको प्रभावकारी व्यवस्था गर्ने । गरिबीको अवस्थामा रहेका तथा बञ्चीतिकरणमा परेका बालबालिकाका अभिभावकहरुलाई विभिन्न आर्थिक स्वरोजगारमूलक तालिम, क्षमता अभिवृद्धि, आर्थिक सहयोग प्रदान गरी सक्षम बनाउने ।

१४.४.७ दाइजो लेनदेन नगर्ने तथा बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।

१४.४.८ बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र संजाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

१४.५ बाल समुह ⁄ संजाल, किशोरी समूह, युवा समूह र बालसंरक्षण संयन्त्रहरुको विकास र परिचालन :

१४.५.१ प्रत्येक विद्यालय, समुदाय, टोलमा बाल समुह गठन गरी उनीहरुको बालविवाह विरुद्ध क्षमता विकास गर्ने, वडास्तरमा वडा बालसंजाल संयन्त्रको विकास गर्ने । बाल समुह तथा बालसंजाललाई नियमानुसार स्थानीय तहमा दर्ता गरी, विधान र प्रमाण पत्र लगायतका कानूनी पहिचान प्रदान गर्ने ।

१४.५.२ प्रत्येक विद्यालय, समुदाय र टोलमा किशोरी तथा युवा समूह गठन गरी उनीहरुको क्षमता विकास गर्ने, वडास्तरमा वडास्तरीय किशोरी संजाल गठन गरी संयन्त्रको विकास गर्ने साथै नियमानुसार स्थानीय तहमा दर्ता गरी, विधान र प्रमाण पत्र लगायत कानूनी पहिचान प्रदान गर्ने ।

१४.५.३ प्रत्येक समुदाय ⁄ टोल विकास संस्थामा बालविवाह निगरानी समूह गठन गरी उनीहरुको क्षमता विकास गर्ने, वडास्तरमा वडा बाल अधकिार समिति गठन गर्ने । बालविवाहका साथै बालबालिका माथि हुने हानिकारक कामहरु विरुद्ध बाल अधकिार समितिलाई सक्रिय बनाउने ।

१४.५.४ बाल समुह, किशोरी समूह, युवा समूह र बालसंरक्षण संयन्त्रहरुकाको सूचना प्रविधिको पहुँच तथा पहिचानमा वृद्धि गर्ने, बालविवाह हुने सूचना प्राप्त भएमा सम्बन्धित सरोकारवाला समक्ष सूचना पुऱ्याउने र बालविवाह अन्त्यका लागि कानूनी पहल समेत गर्ने ।

१४.५.५ बालविवाह अन्त्यका लागि परिवार, समुदाय, बालबालिका, बाल समुह, किशारी ⁄ बहिनी समूह, बाल अधिकार समिति र वडासमितिको सहभागितामा आचारसंहिता निर्माण गरी लागू गर्ने तथा गराउने ।

१४.६ सेवा प्रवाह :

१४.६.१ बालविवाहको जोखिममा रहको विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आयआर्जनका अवसरहरू सुनिश्चित गर्ने ।

१४.६.२ किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोगहरुको रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।

१४.६.३ बालविवाह, मानव बेचविखन तथा ओसारपसार, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानुनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।

१४.६.४ सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र प्रेषण प्रणाली विकास गर्ने ।

१४.६.५ पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गरी अविवाहित वा विवाहित बालिकालाई जीवनोपयोगी सीप, आयआर्जन सम्बन्धी ज्ञानसीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।

१४.६.६ बालविवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरुको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि पहल गर्ने ।

१४.६.७ स्थानीय तह तथा वडास्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।

१४.६.८ स्थानीय निकायमा बालविवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सुचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।

१४.६.९ पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचतेना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी जन्म, मृत्यु, विवाह एवं बसाई सराई र सम्बन्ध बिच्छेदको कुरालाई वडा कार्यालयमा दर्ता गर्ने प्रक्रियालाई जोड दिने ।

१४.६.१० बैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार आश्रयस्थल, कानुनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

१४.६.११ बालविवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको समन्वय गर्ने ।

१४.६.१२ विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बालविवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचारप्रसार गर्ने ।

१४.६.१३ कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरु पहिचान गरी सो निर्मूल गर्न आवश्यक पहल गर्ने ।

## १५. बालविवाह मुक्त क्षेत्र घोषणा प्रक्रियाका तहगत खुट्किलाहरु :

१५.१ बालविवाह अन्त्यका लागि बनेको स्थानीय रणनीतिको अवधारणा, उद्देश्य, लक्ष्य, कार्यान्वयन र कार्यान्वयनमा विभिन्न पक्षहरुको भूमिका तथा सहयोग सम्बन्धी अभिमुखिकरण तथा छलफल ।

१५.२ सरोकारवाला पक्षहरुबाट बालविवाह अन्त्यका लागि एकजुट भएर लाग्ने प्रतिबद्धता घोषणा ।

१५.३ स्थानीयस्तरमा बालसंरक्षण तथा बालविवाह न्युनिकरणका लागि संयन्त्रहरु विस्तार, सबलीकरण र परिचालन ।

१५.४ बालविवाह न्युनिकरणका लागि आवधिक तथा वार्षिक योजना/कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।

१५.५ बाल समुह, किशोरी वा बहिनी समूह र बाल अधकिार समितिहरुको अगुवाईमा बालविवाह विरुद्धका व्यापक अभियानहरु संचालन ।

१५.६ बालविवाह अन्त्यका लागि ऐक्यवद्धता, व्यवहारिक सचेतना र सहयोगका लागि हस्ताक्षर संकलन अभियान (Signature Campaign) संचालन ।

१५.७ अनुगमन, समीक्षा, मल्याङ्कन र बालविवाह सम्बन्धी स्थिति पत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।

१५.८ बाल समुह र किशोरी/बहिनी समूहको अगुवाईमा बालविवाह मुक्त विद्यालय घोषणा ।

१५.९ बालविवाह मुक्त गाउँ टोल, वडा र नगरपालिका घोषणा र यसको निरन्तरता ।

**१६. बालविवाह मुक्त क्षेत्र घोषणाका सूचकहरु :**

१६.१ यो रणनीति लागू भए पश्चात बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने वर्षमा १८ वर्ष भन्दा मुनिका बालविवाहको संख्या शुन्य अवस्थामा रहेको हुनु पर्ने ।

१६.२ १८ वर्षदेखि २० वर्ष उमेरका बालविवाहको संख्यामा ९० प्रतिशतले कमी आएको र मागी विवाहको संख्या शुन्य रहेको हुनु पर्ने ।

१६.३ कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा बाल अधिकार तथा बाल संरक्षणका सवालहरुमा सक्रिय रुपमा वकालत गर्दै आएका बाल समुहहरुले वार्षिक योजना बनाई अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्दै गरेको ।

१६.४ प्रत्येक समुदायहरुमा बालविवाह निगरानी समूहहरुको स्थापना भई सक्रिय (सम्भावित घटना पहिचान, पैरवी, रोक्नको लागि परामर्श र घटना घटिहालेको अवस्थामा उजुरी) रुपमा काम गर्दै आएका हुनु पर्ने ।

१६.५ प्रत्येक वडाको सार्वजनिक ठाँउमा बालविवाह विरुद्धका सचेतनामूलक होडिङ बोर्डहरु राखिएको हुनु पर्ने छ ।

१६.६ जुनसुकै उमेर र जुनसुकै किसिमका विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बाल समुह वा बाल अधिकार समितिबाट सिफारिस लिई वडा कार्यालय वाट स्वीकृति लिनु पर्नेछ ।

१६.७ नजिकको स्वास्थ्य संस्थाको तथ्यांक अनुसार २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने आमाहरुको संख्या शून्य रहेको हुनु पर्ने ।

१६.८ स्थानीय सरकार (नगरपालिका वा वडा कार्यालयहरु) ले वार्षिक रुपमा बालविवाह न्यूनिकरण शिर्षकमा बजेट विनियोजन गरी नियमित रुपमा कार्यक्रम गर्दै गरेको हुनुपर्ने ।

१६.९ कक्षा ५ देखि माथिका विद्यालयहरुले बाल अधिकार तथा बाल संरक्षणका निमित्त वार्षिक कार्ययोजनामा बालविवाहलाई केन्द्रविन्दुमा राखी विविध किसिमका अतिरिक्त कियाकलापहरु संचालन गर्दै गरेको हुनुपर्ने छ ।

१६.१० कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा एक-एक ओटा बहिनी वा किशोरी समहू गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक कियाकलापहरु संचालन गर्दै गरेको हुनु पर्ने ।

१६.११ समुदाय, वडा तथा नगरपालिकामा रहेका बाल संरक्षण सम्बन्धी सम्पूर्ण संयन्त्रहरु बालविवाह न्युनिकरणमा क्रियाशिल भएको हुनु पर्ने ।

नोटः- माथि उल्लेखित सूचकहरु मध्ये ९० प्रतिशत सूचकहरु प्राप्त गरेको अवस्थामा बालविवाह मुक्त वडा/नगरपालिका घोषणा गर्न सकिने छ ।

१७. मुख्य क्रियाकलापहरू तथा कार्यान्वयनको योजना  निम्न तालिकामा दिइएको छ ।

| क्र.सं. | मुख्य क्रियाकलापहरू | कार्यान्वयन वर्ष | | | | | कार्यान्वय गर्ने निकाय | सहयोगी निकाय | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| उद्देश्यः १. सँग सम्बन्धित क्रियाकलापहरु | | | | | | | | | |
| १ | बाल समुह, बालसंजाल, गठन तथा पुर्नगठन (समुदाय, टोल, विद्यालय, वडास्तरमा) | √ | √ | √ | √ | √ | वद्यालय, समुदाय, बाल अधकिार समिति | वडा कार्यालय र साझेदार संस्थाहरु | १००००० |
| २ | बाल अधिकार समितिको गठन तथा पुर्नगठन र सवलिकरण (समुदाय, विद्यालय, वडा तथा नगरपालिका स्तरमा) | √ | √ | √ | √ | √ | नगरपालिका वडा कार्यालय | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ९०००० |
| ३ | किशोरी समूह गठन तथा पुर्नगठन विद्यालय, टोल र वडास्तरीय) | √ | √ | √ | √ | √ | नगरपालिका वडा कार्यालय | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ५०००० |
| ४ | बालविवाह विरुद्ध निगरानी समूह गठन, समुदाय, टोल र वडास्तरीय) | √ | √ | √ | √ | √ | वडा कार्यालय | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ५०००० |
| ५ | युवाक्लव गठन तथा परिचालन | √ | √ | √ | √ | √ | वडा कार्यालय | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ९०००० |
| ६ | आमासमूह, स्वास्थय सवयमसेविका समूह, अभिभावक समूह गठन तथा परिचलन | √ | √ | √ | √ | √ | नगरपालिका वडा कार्यालय | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १००००० |
| ७ | वडास्तरीय बालसंरक्षण नीतिको तर्जुमा गरी कार्यान्वन गर्ने गराउने | √ | √ | √ | √ | √ | नगरपालिका वडा कार्यालय | नपा, वडा कार्यालय र | ११०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | साझेदार संस्थाहरु | |
| १ | अन्तरक्रिया कार्यक्रम (बाल समुह, अभिभावक, किशोरी समूह, अन्य सरोकारवालाहरु) | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १२०००० |
| उद्देश्यः २. सँग सम्बन्धित क्रियाकलापहरु | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | समुदाय छलफल तथा प्रतिबद्धता संकलन कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १३०००० |
| २ | आवधिक प्रगति समिक्षा बैठक ( त्रैमासिक) | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ९०००० |
| ३ | बाल अधिकार, बाल संरक्षण तथा बालविवाह सम्बन्धि सरोकारवालाहरुलाई तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | २००००० |
| ४ | तर्जुमा प्रक्रियामा बालबालिका, किशोरकिशोरी, आमासमूह, बाल अधकिार समितिहरुको सहभागिता गरी बाल केन्द्रित योजना पहिचान एवं समावेश गर्ने | √ | √ | √ | √ | √ | बालक्लव, किशोरीसमुह, बाल अधकिार समिति | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | २००००० |
| ५ | मुद्दामा आधारित अतिरिक्त क्रियाकलाप विद्यालय तथा समुदायस्तरमा | √ | √ | √ | √ | √ | विद्यालय, बाल समुह | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १५०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सडक नाटक, सांस्कृतिक कार्यक्रम र ऱ्याली संचालन | √ | √ | √ | √ | √ | बाल समुह, बाल अधकिार समिति, किशोरी समुह | नपा, वडा कार्यालय र साभ्रेदार संस्थाहरु | १५०००० |
| ७ | बिहावारी २० वर्ष पारी अभियान संचालन | √ | √ | √ | √ | √ | बाल समुह, बाल अधकिार समिति, किशोरी समुह | नपा, वडा कार्यालय र साभ्रेदार संस्थाहरु | १६०००० |
| ८ | बालविवाह विरुद्ध,पोस्टर पम्पलेट, होडिङ बोर्ड र भित्तेलेखन | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साभ्रेदार संस्थाहरु | ४००००० |
| ९ | वैधानिक तथा सचेतनामुलक सन्देश प्रकाशन तथा प्रशारण ( एफ.एम.रेडियो जिगंल )कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साभ्रेदार संस्थाहरु | २००००० |
| उद्देश्य ३: सँग सम्बन्धित क्रियाकलापहरु | | | | | | | | | |
| १ | बाल अधिकार, बेचबिखन, बाल विवाह र बाल यौन दुर्व्यवहार सम्बन्धि समुदायमा तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साभ्रेदार संस्थाहरु | १५०००० |
| २ | बाल अधिकार सुनिश्चित र निर्णय प्रक्रियामा बाल सहभागिता बृद्धिका लागि स्थानिय स्तरका सँगसंस्थाहरुलाई अभिमुखिकरण कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साभ्रेदार संस्थाहरु | २००००० |
| ३ | बाल क्लबका सदस्यहरुलाई बाल अधिकार, बाल संरक्षण तथा बालमैत्री स्थानिय शासन सम्बन्धि तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साभ्रेदार संस्थाहरु | १५०००० |
| ४ | बाल क्लबका सदस्यहरुलाई नेतृत्व विकास सम्बन्धि तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साभ्रेदार संस्थाहरु | २००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | अभिमुखिकरण कार्यक्रम (बाल क्लब, किशोरी समूह, आमासमूह, अभिभावकहरु | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १५०००० |
| ६ | किशोरकिशोरी सचेतिकरण कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १००००० |
| ७ | मुद्दामा आधारित अतिरिक्त क्रियाकलाप विद्यालय तथा समुदायस्तरमा | √ | √ | √ | √ | √ | विद्यालय, बाल समुह | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १५०००० |
| ८ | पुरोहित, धामिझाँक्री, मुखिया, अगुवाहरुलाई बालविवाह विरुद्ध अभिमुखिकरण एवं परिचालन | √ | √ | √ | √ | √ | वडा समिति, अभिभावकह रु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ७०००० |
| ९ | जीवन उपयोगी सीप तथा आत्मरक्षा सम्बन्धि बालबालिकाहरुलाई तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १८०००० |
| १ | विद्यार्थीहरुलाई बालअधिकार महासन्धी सम्बन्धि सचेतिकरण कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय, विद्यालयहरु र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १५०००० |
| २ | बिपद जोखिम न्युनिकरण सम्बन्धि बाल क्लबलाई तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय, विद्यालयहरु र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १८०००० |
| ३ | राजनैतिक दलका वडास्तरिय प्रमुख तथा प्रतिनिधिहरुसंग नीतिगत वहस एवं बालविवाह विरुद्ध प्रतिवद्धता | √ | √ | √ | √ | √ | वडा कार्यालय, विद्यालयहरु र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १००००० |

उद्देश्यः ४ र ५ संग सम्वन्धीत क्रियाकलापहरु

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल विवाह विरुद्धका घटनाहरु न्यायिक निकाय तथा प्रहरी, वडा कार्यालयहरुमा उजुरीको सहज पहुँच सुनिश्चित गर्ने । | √ | √ | √ | √ | √ | संस्थाहरु, बाल समुह, बाल अधिकार समिति | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ८०००० |
| २ | विभिन्न सरकारी तथा गैरसरकारी निकायसंग सम्वन्ध विस्तार तथा सिफारिस संयन्त्रको विकास गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ६०००० |
| ३ | बालमैत्री स्थानियतह सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने तथा बालमैत्री वडा निमार्ण का लागि योजना तर्जुमा गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ८०००० |
| ४ | बालवालिकामाथि हुने हरेक खाले भेदभाव, शोषण, कुटपिट, हिंसा, दुर्व्यवहारबाट बालबालिकाले आफूलाई सुरक्षित राख्ने विषमा तालिम तथा अन्तर्क्रिया संचालन गर्ने । बाल हेल्पलाईन १०९८, जि प्र का | √ | √ | √ | √ | √ | बाल अधिकार समिति | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १५०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १००. र महिला बालबालिका सेवा केन्द्र १०४ बारे जानकारी | √ | √ | √ | √ | √ | वडा कार्यालय | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| २ | सरकारी तथा गैरसरकारी निकायको सहभागितामा सेवासुविधाबारे जोखिममा परेका बालबालिका र अभिभावकसँग छलफल गर्ने | √ | √ | √ | √ | √ | संस्थाहरु,बाल समुह, बाल अधिकार समिति | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १९०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | बालबालिका विरुद्धका घटनाहरुमा घटना अध्ययन गर्ने (Case Study) | √ | √ | √ | √ | √ | संस्थाहरु,बाल समुह, बाल अधिकार समिति | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ६०००० |
| ४ | घटनाहरुको सुचिकरण गर्ने | √ | √ | √ | √ | √ | संस्थाहरु,बाल समुह, बाल अधिकार समिति | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ४०००० |
| ५ | मनोसामाजिक सेवा प्रदान गन | √ | √ | √ | √ | √ | वडा समिति | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ६०००० |
| ६ | आकस्मीक बालकोषको संचालन कार्यविधि बनाई बालकोष स्थापना गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | ५००००० |
| ७ | बिपन्न तथा कमजोर आर्थिक अवस्था भएका घरपरिवारलाई आर्थिक तथा जिविकोपार्जन सम्बन्धि सहयोग | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | २००००० |
| ८ | किशोरीहरुलाई जिवन उपयोगी सीप तथा तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १००००० |
| ९ | अनाथ बालबालिकाहरुलाई शैक्षिक तथा आर्थिक सहयोग | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | नपा, वडा कार्यालय र साझेदार संस्थाहरु | १००००० |

| उद्देश्य नं. ६ सँग सम्बन्धित क्रियाकलापहरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | समन्वय वैठक संचालन गर्ने | √ | √ | √ | √ | √ | नपा, वडा कार्यालय | नपा, वडा कार्यालय | ६०००० |
| १ | सेवा प्रदायकहरुको पहिचान गरी स्रोत पहिचान गरी परिचालन गर्ने | √ | √ | √ | √ | √ | नपा, वडा कार्यालय | नपा, वडा कार्यालय | ६०००० |
| २ | तालिम,अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | √ | √ | √ | √ | √ | नपा, वडा कार्यालय | नपा, वडा कार्यालय | १००००० |
| ३ | वडा समिति, बाल समुह, बाल अधकिार समिति, शिक्षक, अभिभावकहरुको सहभागितामा संयुक्त अनुगमन समितिको हभागिता अनुगमन कार्य संचालन गर्ने | √ | √ | √ | √ | √ | नपा, वडा कार्यालय | नपा, वडा कार्यालय | १५०००० |
| ४ | नगरपालिका तथा वडा समितिले संयुक्त अनुगमन गर्ने | √ | √ | √ | √ | √ | नपा, वडा कार्यालय | नपा, वडा कार्यालय | १६०००० |
| ५ | संचालित कार्यक्रमको आवधिक तथा मध्यावधिक मुल्याकंन गन | √ | √ | √ | √ | √ | नपा, वडा कार्यालय | नपा, वडा कार्यालय | १८०००० |

**१८. बजेट अनुमान : यस पञ्चवर्षीय रणनीतिक योजनाको लागि निम्नानुसार बजेट अनुमान गरिएको छ ।**

| उद्देश्य | क्रियाकलाप | प्रथम वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वष | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उद्देश्य नं. एक सँग सम्बन्धित क्रियाकलापहरु | १४२००० | १४२००० | १४२००० | १४२००० | १४२००० | ७१०००० | |
| २ | उद्देश्य नं. दुइ सँग सम्बन्धित क्रियाकलापहरु | ३३६००० | ३३६००० | ३३६००० | ३३६००० | ३३६००० | १६८०००० | |
| ३ | उद्देश्य नं. तीनसँग सम्बन्धित क्रियाकलापहरु | २७०००० | २७०००० | २७०००० | २७०००० | २७०००० | १३५०००० | |
| ४ | उद्देश्य नं. चार र पाँच सँग सम्बन्धित क्रियाकलापहरु | ३२४००० | ३२४००० | ३२४००० | ३२४००० | ३२४००० | १६२०००० | |
| ५ | उद्देश्य नं. छ सँग सम्बन्धित क्रियाकलापहरु | १४२००० | १४२००० | १४२००० | १४२००० | १४२००० | ७१०००० | |
| कुल जम्मा | | १२१४००० | १२१४००० | १२१४००० | १२१४००० | १२१४००० | ६०७०००० | |

## १९. स्रोत व्यवस्थापन :

यस रणनीतिक योजनामा समावशे भएका कार्य सम्पन्न गर्नका लागि देहायअनुसार कार्यनीतिहरु अवलम्बन गरिनेछ :

१९.१ वडा कार्यालय, नगरपालिका, सामाजिक संघसंस्थाहरूसँग विद्यमान सेवा तथा स्रेतहरूको सदुपयोग र प्रभावकारी परिचालनका निम्ति आवश्यक समन्वय, सहकार्य तथा अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ । वडा कार्यालय र नगरपालिकाबाट संचालित बालबालिका लक्षित कार्यक्रम यसै अर्न्तगत समाबेस रहनेछन् ।

१९.२ यस रणनीतिक योजनाको विभिन्न सवाल तथा कार्यक्रममा केन्द्रीत रही आफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरू स्वयं सचांलन गर्न प्रेरित गर्ने गरी सरकारी कार्यालय एवम् स्थानीय तह, गैरसरकारी संस्थालाई आवश्यक प्राविधिक तथा आथिर्क सहयोग प्रदान गर्नका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संस्थाहरूलाई प्रोत्साहन गरिनेछ । यसको लागि वडा समिति तथा नगरपालिकाले समन्वय र सहकार्यका लागि उपयुक्त वातावरण सृजना गरी यस रणनीतिक योजनाको लागि आवश्यक बजेट खर्च जुटाईनेछ । वडास्तरमा वडा बाल अधिकार समिति, समुदायस्तरको बाल अधिकार समिति, बाल समुह, किशोरी समूह, गैससको सहकार्यमा स्रोत परिचालन गरिनेछ ।

## २०. समन्वय, अनुगमन तथा मूल्याङ्कन :

वडा समितिले सरोकारवाला सरकारी निकाय, स्थानीय तह, बाल समुह, किशोरी/बहिनी समूह, बाल अधकिार समिति, गैर सरकारी संघसंस्था, अभिभावक, विद्यालय र बालबालिका लागयत सरोकारवाला निकायसगँ यस रणनीतिको कार्यान्वयनका लागि समन्वय र सहकार्य गर्नेछ ।

यस रणनीतिक योजनाको व्यावहारिक कार्यान्वयन तथा लक्ष्य प्राप्तिको लागि सरोकारवालाहरू तथा लक्षित समूहहरूको प्रत्यक्ष संलग्नतामा सहभागितामूलक अनुगमन परिपाटी विकास गरी व्यवहारमा ल्याईनेछ । यसका लागि स्थलगत अवलोकन तथा आवधिक समीक्षा बैठकहरू सञ्चालन गरिनेछन् । रणनीतिक योजनाको मूल्यांकनको लागि सरोकारवालाहरु, नगरपालिका तथा वडा समितिले स्थलगत अध्ययन अवलोकन र आवश्यकताअनुसार मूल्यांकन कार्यशालाको संचालन गरी मध्यावधि मूल्यांकन गरिनेछ । मूल्यांकनको आधारमा प्राप्त सुझावको आधारमा योजनामा समसामयिक परिवर्तन गरी व्यवहारमा ल्याईनेछ ।

रणनीति कार्यान्वयन, सरोकारवाला सरकारी, विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसंगको समन्वय एवं अनुगमन तथा मूल्यांकनको लागि नगरस्तरको तपशिलको कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याकंन समिति रहनेछ ।

| | |
|---|---|
| नगरपालिकाको नगर प्रमुख | संयोजक |
| नगरभित्र रहेको प्रहरी संरचनाको प्रमुख | सदस्य |
| नगर शिक्षा शाखाको प्रमुख | सदस्य |
| नगर स्वास्थ्य शाखाको प्रमुख | सदस्य |
| वडा अध्यक्षहरुबाट छनौट भई आएका दुई जना | सदस्य |

| | |
|---|---|
| नगर कार्यपालिकाको सदस्यमध्येबाट एक जना | सदस्य |
| नगरस्तरको बाल सञ्जालको अध्यक्ष | सदस्य |
| नगरस्तरको महिला सञ्जालको अध्यक्ष | सदस्य |
| नगर स्तरको दलित नेटवर्कको अध्यक्ष | सदस्य |
| नगर बालअधिकार समितिको प्रतिनिधि | सदस्य |
| नगरपालिकाभित्र कार्यक्षेत्र बनाई बालअधिकारका क्षेत्रमा काम गर्ने गैह्रसरकारी निकायका प्रतिनिधि | सदस्य |
| नगरपालिकामा रहेका कानुनी व्यवसायको प्रतिनिधि | सदस्य |
| महिला तथा बालबालिका शाखाको प्रमुख | सदस्य सचिव |

## २१. रणनीति कार्यान्वयनका लागि सम्बन्धित निकायको भुमिका :

| क्र.स. | सम्बन्धित निकाय | भूमिका |
|---|---|---|
| | नगरपालिका | बालविवाह अन्त्य गर्नका लागि स्थानीय र राष्ट्रिय रणनीतिबीच समाञ्जस्यता कायम गरी कार्यान्वयन गर्ने । रणनीतिका आधारमा कार्ययोजना तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने गराउने सम्बन्धित निकायहरु बीच समन्वय गरी नगरपालिका भित्र बालविवाह विरुद्धका कार्यक्रमहरु एकीकृत रुपमा संचालनमा मद्दत पुऱ्याउने । बालविवाह विरुद्धको अभियानका लागि विभिन्न सरोकारवालाहरु बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी गर्ने लगायत प्राविधिक तथा वित्तीय साधन स्रोतको प्राप्ति र प्रभावकारी विनियोजनको व्यवस्थापन गर्ने । बालमैत्री वडा तथा नगरपालिका स्थापना र विकासका लागि आवश्यक आर्थिक, भौतिक तथा नीतिगत व्यवस्था मिलाउने । बालबालिका सम्बन्धी कार्यक्रमहरुलाई विकेन्द्रित रुपमा बाँडफाँड गरी बालमैत्री वडा स्थापनामा सहयागे गर्ने । बालविवाहको जोखिममा परेका वा पहिल्यै बालविवाहमा परेका बालिका र बालकको संरक्षण र विकासका लागि विद्यमान नीतिको कार्यान्वयन गर्ने गराउने । असहाय, अनाथ, अतिअशक्त, एवम, श्रममा रहेका बालबालिकाको तथ्याङ्क संकलन गरी प्रोफाइल तयार गर्ने । बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार, समूह र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने । बालविवाह विरुद्धका कार्यक्रमहरुको प्रभावकारिता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यक सुझाव, सल्लाह प्रदान गर्ने । |

| | | |
|---|---|---|
| | वडा कार्यालय | रणनीतिका आधारमा वडास्तरीय कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने । संघसंस्थाहरुको समन्वयमा बालविवाह अन्त्यका लागि वडा, विद्यालय तथा समुदायस्तरमा बालसंरक्षण संयन्त्रहरुको स्थापना, सबलीकरण र परिचालन गर्ने । बालविवाह न्युनिकरणका लागि विभिन्न सृजनात्मक अभ्यासहरु अपनाउने । बालविवाह विरुद्धको अभियान संचालन गर्न विभिन्न सरोकारवालाहरु बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी लगायत आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्था गर्ने । वडालाई बालविवाह मुक्त बनाउन समन्वय, सहकार्य गर्ने र विविध कार्यक्रम संचालन गर्ने । बालविवाहको जोखिममा परेका वा पहिल्यै विवाह भैसकेका बालिका र बालकको संरक्षण र विकासका लागि विद्यमान नीतिको कार्यान्वयनमा जोड दिने । बालविवाह गराउने परिवारलाई सेवा सुविधाबाट केही समय बञ्चित गराउने । वडास्तरिय नीति, रणनीति, योजना, कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । वडालाई बालमैत्री बनाउनमा आवश्यक कार्यक्रमहरु तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । बाल संरक्षण सम्बन्धी वडास्तरीय कार्यको अनुगमन तथा मूल्याकंन गरी वडा कार्य समितिमा प्रतिवेदन पेश गर्ने । वडास्तरीय बालबालिकाको स्थिति प्रतिवेदन वार्षिक रुपमा तयार पारी प्रकाशन गर्ने । बालविवाह बिरुद्ध जनप्रतिनिधि सहित घरदैलो अभियान संचालन गर्ने । बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रमको प्रगति विवरण गाउँपालिकालाई पेश गर्ने । बालविवाह नगर्ने, नगराउने र बालविवाह रोक्नमा अनुकरणीय काम गर्ने व्यक्ति, परिवार, समूह र समुदायलाई सामाजिक रूपमा सम्मान र प्रोत्साहन गर्ने । बालविवाहको निम्तोलाई अस्वीकार गरी रोक्न पहल गर्ने । बालविवाह विरुद्धका कार्यक्रमहरुको प्रभावकारीता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यकता अनुसार कार्यशैली तथा ढाँचामा सुधार ल्याउने । |

| | | |
|---|---|---|
| | बाल अधिकार समिति | सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने गराउने । वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बाल समुह, मञ्च/समूह, सामुदायिक निकायहरुको फेहरिस्त तयार पार्ने । विभिन्न निकायहरुसँगको समन्वयमा बालविवाह विरुद्धका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने । बालबालिका, परिवार र समुदायमा बालविवाह विरुद्धको चेतना अभिवृद्धि गर्ने । बालविवाहका घटना तथा बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवंम् त्यस्ता उजुरी उपर समन्वयकारी भुमिका निर्वाह गरिदिने । यस्ता घटनाहरुको घटना अध्ययन एवं अध्यावधिक गर्ने । जोखिममा रहेका बालबालिकाहरुलाई आकस्मिक सहयोगका लागि पहल गर्ने । वडा बाल संरक्षण कोषको स्थापना तथा परिचालन गर्ने । बालअधिकार, बालसंरक्षण र बालविवाहका विरुद्धमा वकालत गर्ने र वडा तहमा बालसंरक्षणलाई प्रभावकारी बनाई बालविवाह अन्त्यका लागि जुटेर काम गर्ने । बालविवाहको जोखिममा परेका तथा पर्न सक्नेबालबालिकाको संभावित अध्ययन र घटना व्यवस्थापनलाई प्रभावकारि बनाउने । समुदायमा रहेका बाल समुह, किशोरी/बहिनी समूह, बालविवाह निगरानी समूहहरुको क्षमता अभिवृद्धि गर्ने, कार्ययोजना तयार गर्नको लागि आवश्यक सहयोग गरी उनीहरुको अभिभावकत्वको भूमिका निर्वाह गर्ने । |
| | सञ्चार माध्यम | बालविवाह विरुद्धका कानूनी तथा नीतिगत प्रावधानका बारेमा समुदायस्तरमा संचेतना जगाउने खालका सामग्रीहरुको उत्पादन र प्रसारण तथा प्रकाशन गर्ने । बालविवाहबाट बालबालिकाको जीवनमा पर्ने नकारात्मक असर, विवाहको कानुनी उमेर, कानून उल्लंघन गर्दा हुने सजाँयका विषयका साथै बालविवाहलाई नैतिक मूल्य र मान्यता विरुद्धको रुपमा आम नागरिकमा सचेतना गर्न आम संचारका माध्यममार्फत प्रसारण तथा प्रकाशन गर्ने । बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सचांर माध्यम र सञ्जाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने बालअधिकार, बालसंरक्षण र बालविवाहका विषयहरुलाई प्राथमिकतामा राखी सञ्चार माध्यमको पहुँचमा ल्याउने । बालविवाह विरुद्धका विषयमा नियमित लेख तथा रचनाहरु प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउने र बाल सहभागिताको अधिकारलाई सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने । |

| | | |
|---|---|---|
| | विद्यालय | सबै बालबालिकाको लागि विद्यालय भर्नाको प्रबन्ध मिलाई नियमित अध्ययनको व्यवस्था मिलाउने । बाल समुह र किशोरी/बहिनी समूहको गठन, पुनर्गठन, सबलीकरण र परिचालन गर्ने । बालअधिकारको सुनिश्चितताका लागि बाल समुह र किशोरी/बहिनी समूहहरुको अगुवाईमा विविध किसिमका अतिरिक्त क्रियाकलाप संचालन गर्न लगाउने । बालबालिकासँग लुकेर बसेका बाल अधिकार हनन लगायतका अन्य समस्याहरुको पहिचान गरी समाधानका लागि सुझाव/उजुरी पेटिकालाई प्रभावकारी रुपमा प्रयोगमा ल्याउने । विद्यालयमा नियमित नहुने, शैक्षिक रुपमा कमजोर र बालविवाह तथा बालश्रमको जोखिममा पर्न सक्ने बालबालिकाहरुको पहिचान गरी निजको अभिभावकहरुसँग नियमित छलफल र अन्तरक्रिया मार्फत समस्या समाधान गर्ने । बालविवाहको जोखिममा परेका बालबालिका, विद्यालय बाहिरका बालबालिका वा पहिले नै बालविवाह भई विभिन्न जोखिममा परेका बालिकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम तथा परामर्श कक्षाहरु संचालन गर्ने । बालविवाह विरुद्धका क्रियाकलापहरुलाई विद्यालयको वार्षिक कार्यपात्रोमा सर्मेटि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । बालमैत्री विद्यालयको अवधारणामा आधारित आवश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत संभार, डेस्क, बेन्च, गुणस्तरीय शिक्षा, खेलकुद तथा मनोरञ्जन, विद्यार्थी र शिक्षकको अनुपात, सम्मानजनक सिकाइको व्यवस्थाका लागि उचित प्रबन्ध मिलाउने । बालविवाह विरुद्धका क्रियाकलापलाई प्रभावकारी रुपमा संचालन गरी बालविवाह मुक्त विद्यालय घोषणा गर्ने । बालविवाहका असर र रोकथाम बारे अतिरिक्त क्रियाकलाप संचालन गर्ने । |

| | | |
|---|---|---|
| | स्वास्थ्य संस्था | बालविवाहका कारणले बालिकाको स्वास्थ्यमा पर्न सक्ने शारीरिक तथा स्वास्थ्य समस्याहरु र आउन सक्ने असरका बारेमा समुदाय र विद्यालयस्तरमा जनचेतना जगाउने । बालविवाहको विरुद्धमा समुदाय तथा परिवारस्तरमा परामर्शका लागि महिला स्वास्थ्य स्वयंम् सेविकाको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने । स्वास्थ्य कार्यक्रमहरूमा आवश्यकतानुसार बालविवाह र कम उमरे मा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश र सञ्चालन गर्ने । बालविवाहको विरुद्धको विषय किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा कार्यक्रमसँग एकीकृत गरी संचालन गर्ने । स्वास्थ्य केन्द्र र स्वास्थ्य क्लिनिकहरु मार्फत असहाय तथा आर्थिक रुपले विपन्न वर्गका बालबालिकाको लागि निःशुल्क स्वास्थ्य सेवा तथा सुविधाका प्रबन्ध मिलाउने । बालविवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको पहिचान गरी उनीहरु र उनीहरुको अभिभावकलाई परामर्श प्रदान गर्न महिला स्वास्थ्य स्यंम् सेविकाहरुलाई परिचालन गर्ने । किशोरकिशोरीहरुलाई प्रजनन स्वास्थ्यबारे जानकारी प्रदान गर्ने । बालविवाह र स्वास्थ्य शिक्षा सम्बन्धी विशेष अभियान सञ्चालन गर्ने । |
| | स्थानीय प्रहरी कार्यलय | शान्ति सुरक्षाको प्रत्याभूति गर्ने । बालबालिकालाई शोषण गर्ने तथा बाल अधिकारको बर्खिलाप गर्नेलाई आवश्यक कानूनी दायराभित्र ल्याई कारवाही गर्ने । बालविवाहसँग सम्बन्धित विकृति, विसंगतिहरुको अन्त्यका लागि स्थानीय संघ संस्थाहरुसँग मिलेर कार्य गर्ने । घरेलु हिंसाबाट बालबालिकाको उद्धार गरी जोखिमबाट जोगाउने । बालबालिकामाथि भएको अपराध नियन्त्रण एवं अनुसन्धान गर्न वैज्ञानिक विधिहरुको अवलम्बन गरी दोषीलाई सजाँय दिलाउने । बालविवाह कानूनी अपराध हो भनी समुदायमा सचेतना जागरण गर्ने । बालविवाह रोकथाम वा निषेध गर्ने राष्ट्रिय कानून तथा स्थानीय स्तरमा तय गरिएका कानूनको कार्यान्वयन गर्न र अन्य सामाजिक कुप्रथाको अन्त्य सहयागे गर्ने । विद्यमान नीति र कानून अनुसार बालविवाह गर्ने गराउने व्यक्तिहरूलाई कानन‍ू बमोजिमको कारवाही गर्ने गराउने व्यवस्था सुनिश्चित गर्ने । समुदायस्तरमा बालविवाहसँग सम्बन्धित कानूनी प्रक्रिया, उजुरी गर्ने पक्रियाका बारेमा संचेतनाका क्रियाकलाप संचालन गर्ने । विद्यालयस्तरमा किशोरकिशोरीहरुसँग बालविवाह र कानूनी उपचार विषयक अर्न्तक्रियाहरु संचालन गर्ने । सामुदायिक प्रहरीले समुदायमा चेतनामूलक कार्यक्रम संचालन गर्ने । बालविवाह विरुद्ध र बाल अधिकार हननका विषयमा उजुर गरिएका घटनाहरुमाथि आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउने । |

| | | |
|---|---|---|
| | नागरिक समाज/ गैरसरकारी संस्था | बालविवाह अन्त्यका लागि बनेको स्थानीयस्तरको रणनीतिलाई सफल पार्नका लागि बाल संरक्षण सम्बन्धि संयन्त्रहरुको स्थापना, सबलीकरण, क्षमता विकास र परिचालनमा आवश्यक प्राविधिक तथा आर्थिक सहयोग गर्ने । बालविवाहको अन्त्यका स्थानीय सरकारसँगको सहकार्यमा विविध किसिमका कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने । बालविवाह विरुद्ध पैरवी तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने । बालबालिका लक्षित कार्यक्रमहरुको निर्माण र सचांलन गर्दा नगरपालिका तथा वडा कार्यालयसँग समन्वय तथा सहयोग गर्ने । बालविवाहको अन्त्य गर्ने कार्यमा नगरपालिका, वडा, विद्यालय र समुदायस्तरमा विभिन्न संरचनासँग सहकार्य गर्ने । बालविवाहका घटनाहको उजुरी भएको अवस्थामा कानुनी उपचार तथा प्रक्रियाका बारेमा सहयोग गर्ने । |
| | बाल समुह/ बाल संजाल/ किशोरी समूह | बालबालिकासँग सम्बन्धित समस्याहरुको पहिचान गरी नीति निर्माण तथा कार्यान्वयनमा सहभागी भई सहयोग पुऱ्याउने । बालविवाह अन्त्यका लागि व्यापक अभियानहरु संचालन गर्ने । नियमित बैठक संचालन गर्ने र बालविवाह विरुद्धका क्रियाकलापहरुको निर्माण तथा कार्यान्वयन गर्ने । बालबालिकासँग लुकेर रहेका समस्याहरु उजुरी पेटिका मार्फत पत्ता लगाई समाधानका लागि विद्यालय प्रशासनलाई जानकारी गराउने । बालअधिकारका विषयमा र बालविवाह विरुद्ध सचेतनाका लागि नियमित रुपमा किशोरकिशोरीहरुसँग अन्तरक्रिया तथा छलफल गरी मासिक रुपमा प्रतिवद्धता र प्रतिवद्धता प्रगति घोषणा गर्ने । विद्यार्थी आचारसंहिता निर्माण गरी कार्यान्वयनमा गर्ने गराउने । विद्यालयमा अतिरिक्त क्रियाकलापहरुको तर्जुमा तथा संचालनमा नेतृत्वदायी भूमिका खेल्ने । कक्षा मोनिटरसँग मासिक रुपमा बैठकहरु गरी विद्यालय नियमित नहुने, पूरा समय विद्यालयमा नबस्ने, पढाइमा कमजोर, विद्यालय अनुशासनमा नरहने, बालविवाह, बालश्रम र विद्यालय ड्रपआउटको जोखिममा रहेका बालबालिकाहरु पत्ता लगाई आवश्यक छलफल तथा परामर्श मार्फत समस्या समाधान गर्न विद्यालय तथा बाल अधिकार समितिलाई सहयोग गर्ने । बालविवाह र बालश्रमको जोखिममा रहेका बालबालिकाहरुको अभिभावकलाई भेट्ने र परामर्श तथा सुझाव सल्लाह मार्फत त्यस्ता घटना हुन नदिन आवश्यक पहल गर्ने । बालविवाहलाई रोक्ने प्रयास गर्दा गर्दै पनि घटना घटेको खण्डमा नजिकको प्रहरी कार्यालय, बाल अधकिार समिति वा वडा/नगरपालिका कार्यालयमा उजुरी गर्ने र आवश्यक कारवाहीको लागि वकालत गर्ने । बालविवाह मुक्त विद्यालय घोषणा प्रक्रियामा नेतृत्वदायी भूमिका खेल्ने । सम्बन्धित विद्यालय क्षेत्रभित्रको समुदायमा हुने जुनसुकै उमेर र जुनसुकै किसिमका विवाह गर्दा सम्बन्धित व्यक्ति वा निजको अभिभावकले अनिवार्य रुपमा बाल समुहको सिफारिस लिने प्रणालीको विकास गराउने । |

| | | |
|---|---|---|
| | परिवार/ अभिभावकहरु | आफ्नो बालबालिकालाई नियमित विद्यालय पठाउने र आवश्यक पोषाक, शैक्षिक सामग्री लगायत घरमा पनि पढ्ने वातावरण मिलाउने । बालबालिकाका कुरा सुन्ने, बुझ्ने, उचित मार्ग निर्देशन दिने, स्याबासी र हौसला प्रदान गर्दै निर्णय प्रक्रियामा सहभागी गराउने । स्वास्थ्य, सरसफाई अनुशासन लगायतका विषयमा व्यवहारिक ज्ञान दिने । पारिवारिक विभेदको अन्त्य गरी बालमैत्री घरको विकास गर्ने । किशोरावस्थामा पुगेका बालबालिकाहरुसँग मित्रवत् व्यवहार गर्ने, उनीहरुका समस्यालाई उच्च प्राथमिकतामा राख्ने र उचित मार्गदर्शन प्रदान गर्ने । आफ्नो बालबालिकाहरुको संगत कस्तो व्यक्तिसँग भइरहेको छ, विद्यालय नियमित छन् कि छैनन्, पढाईमा कत्तिको रुचि दिइरहेका छन्, समयमै घरमा आउने गरेको छ कि छैन, अकस्मात कुनै व्यवहारिक परिवर्तन आएको त छैन भन्ने जस्ता कुराहरुको नियमित ख्याल गर्ने र यदि केहि कुरामा समस्या देखिएको छ भने तुरुन्तै समाधानको प्रयासमा लाग्ने । आफ्नो बालबालिकाहरुको भविष्यप्रति सधै सचेत रहने र २० वर्ष उमरे नपुगुन्जेलसम्ममा विवाहको कुरा सोच्दै नसोच्ने र यसबारे बालबालिकाहरुलाई पनि सचेत गर्ने । |
| | समुदायमा आधारित समूह तथा संस्थाहरु | बालबालिकालाई विद्यालय पठाउने कार्यमा सहयोग गर्ने । आ-आफ्नो टोल, संगठन, क्षेत्रमा बालबालिकाको हकअधिकार स्थापना गर्न कार्यक्रम बनाई विविध कार्यक्रम गर्ने र अनुगमन समेत गर्ने । बालबालिका सम्बन्धी सही सूचना राख्ने र आवश्यकता बमोजिम सप्रेंषण गर्ने । जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी बालमैत्री समुदाय स्थापना अभियानमा सहयोग गर्ने । |
| | बालविवाह निगरानी समुह | विभिन्न निकायहरुसँगको समन्वयमा बालविवाह विरुद्धका कार्यक्रमहरु समुदायस्तरमा संचालनमा नेतृत्व गर्ने । बालबालिका, परिवार र समुदायमा बालविवाह विरुद्धको चेतना अभिवृद्धि गर्ने । बालविवाहको जोखिममा रहेका बालबालिकाहरुको पहिचान गर्ने र बालविवाहका घट्नाहरु रोक्नका लागि सम्बन्धित बालबालिका र उनीहरुको परिवारलाई परामर्श तथा सल्लाह प्रदान गर्ने । बालविवाहका घटना तथा बालअधिकार हनन्का घटनाहरु रोक्न खोज्दा खोज्दै पनि घटेमा सम्बन्धित निकायमा उजुरी गर्ने र उजुरी उपर समन्वयकारी भूमिका निर्वाह गरिदिने । बालविवाहमुक्त गाँउ वा समुदाय घोषणा प्रक्रियामा आवश्यक सहयोग गर्ने । |

| | | |
|---|---|---|
| | आमा समहू | बालविवाह विरुद्धको क्रियाकलापहरु एवं बैठकहरु आयोजना गर्ने, बालविवाह गर्नेलाई तिरस्कार गरी विवाहमा उपस्थित नहुने वातावरण तयार गरी बालविवाह रोक्न प्रेरित गर्ने । |
| | राजनैतिक दल | बालविवाह रोक्न आवश्यक पहल गर्ने । सरोकारवाला सबैलाई सल्लाह सुझाव दिने । बालविवाह सम्बन्धी आचारसंहिता निर्माण र कार्यान्वयनमा सहयागे र सहजीकरण गर्ने । |

# सन्दर्भ सामग्रीहरुः


बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति-२०७२

नेपालको संविधान-२०७२ मुलुकी अपराध संहिता

ऐन-२०७४: बालबालिका सम्बन्धी राष्ट्रि नीति-२०६९ :

समग्र राष्ट्रिय कार्ययोजना (२०७०।०७१-२०७४।०७५)

स्थानीय सरकार सञ्चालन ऐन-२०७४

बालबालिका सम्बन्धि ऐन-२०७५

नेपालमा बालबालिकाहरुको स्थिति-२०७५

संयुक्त राष्ट्रसंघिय बालअधिकार सम्बन्धी महासन्धि-१९८९

स्थानीय तहमा बाल संरक्षण नेपालको चौधौं योजना नगरपालिका तथा वडा कार्यालयका अभिलेखहरु

बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्य विधी २०६८

बालबालिका सम्बन्धि एन, २०७५

बालमैत्री स्थानिय शासन कार्यान्वयन कार्यविधि, २०७८

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५

## अनुसूचीहरु

### अनुसूची-१ : विवाहको विवरण संकलन सम्बन्धी सामान्य तथ्यांक संकलन फाराम–२०७८

(मिति २०७३ साल वैशाखदेखि यो फाराम भर्दाको मितिसम्ममा भएका सम्पूर्ण विवाह भएकाहरुको तथ्यांक यस फाराममा संकलन गरिने छ ।)

नगरपालिका.................................................................................... वडा नम्बर.............

.......................................टोलको नाम..................................................................

| विवाह नं | विवाह गर्ने व्यक्ति को नाम थर | लिङ्ग | वुवा आमा को नाम थर | विवाहको मिति | | बिवाह गर्दाका उमर | विवाह गर्दाको अध्ययन रत कक्षा | अध्ययनरत विधालय | बिवाहका मुख्यकारण | बिवाहका प्रकार | हालको अवस्था | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साल | महिना | | | | | | पढ्द गरका भएकक्षा | पशा | बिवाह दर्ता | बच्चा पाएको भए | | स्वास्थ्य अवस्था | |
| | | | | | | | | | | | | | | पहिलो बच्चा पाउदा को उमेर | जन्म दर्ता मति | आमा र बच्चा को (मृत्यु भए त्यसको रेकर्ड) | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

सर्भेक्षणकर्ताको

नाम थरः..............................

२.५ सन्र्दभ

.......................................

ठेगानाः...............................

.......................................

सर्भेक्षणको मितिः.....................

........................................

हस्ताक्षर

......................................

सम्पर्क नम्वरः ........................

........................................

विवाहको मुख्य कारणहरुः

क) परिवारको करकापमा परेर

ख) साथीहरुको लहलहैमा लागेर

ग) अभिभावकले लालनपालन गर्न नसक्दा

घ) राम्रो घर पाएको हुँदा

ङ) सुरक्षित भविष्य निर्माणका लागि च) राम्रोसँग पढ्न नपाँउदा

छ) सानो उमेरमा गरेको विवाह राम्रो हुन्छ भन्ने भनाईका कारण

ज) मोबाइल, फेसबुक तथा इन्टरनेटको प्रभावका कारण

झ) मेला र जात्राहरुको प्रभावका कारण

अन्य......................................

अन्य.........................................)

विवाहको प्रकार

क) मागी विवाह

ख) भागी विवाह

ग) प्रेम विवाह

घ) अन्य.........

## अनुसुची-२
## लक्षित समूह छलफल

| १. बालविवाह सम्बन्धि रहेका विद्यमान कारणहरु : (निम्न प्रश्नहरु सोध्नुहोस् ।) | |
|---|---|
| १.१ बालविवाहका मुख्य कारणहरु के के हनु ्? <br> १.२ के आधुनिक प्रविधिको प्रयोग जस्तै मोवाइल, फेसबुक, इन्टरनेट इत्यादि बालविवाहको कारणको रुपमा उपस्थित भएको छ ? | १.३ बालविवाहका देखिएका प्रभावहरु के के हुन् ? <br> शिक्षा स्वास्थ्य <br> सामाजिक, आर्थिक <br> रोजगारी खाद्य <br> सुरक्षा बैवाहिक सम्बन्ध <br> महिला हिंसा <br> सानै उमेरमा बच्चा जन्मिनु, भावनात्मक, इत्यादि । |
| नोट : (कृपया छलफलको सार लखे नुहोस्) | |
| २. बालविवाहको प्रचलित र बदलिंदो अवधारणा तथा स्वरुप : | |
| २.१ तपाईको समुदायमा बालविवाहको विद्यमान अवस्था के छ ? <br> २.२ बालविवाहको दरमा पहिले र अहिले बीच कत्तिको फरक पाइन्छ ? <br> २.३ समुदायमा बालविवाहको स्वरुपमा के कस्ता परिवर्तनहरु आएका छन् ? <br> २.४ बालविवाहका सबैभन्दा प्रचलित प्रकारहरु के के हुन् ? <br> २.५ के त्यहाँ कुनै क्षेत्र वा जातिय समूह छन् जहाँ बालविवाहको सखं या भैरहने वा उच्च छ ? यदि छ भन े ती को हुन् ? | |
| नोट : (कृपया छलफलको सार लखे नुहोस् ।) | |
| ३. कानूनी सबलीकरणका अभ्यासहरु तथा बालविवाह निर्मुलीकरणमा सुधार गर्नुपर्ने क्षेत्र : | |
| ३.१ के समुदायका मानिसहरुलाई थाहा छ कि बालविवाह गर्नु गराउनु दण्डनिय छ ? <br> ३.२ के समुदायमा बालविवाह विरुद्ध काननू ी सबलीकरणमा कुनै कार्यकमहरु चलिरहेको छ ? <br> ३.३ के प्रहरी तथा प्रशासन कार्यालयमा बालविवाह सम्बन्धी कुनै घटना दता र् भएका छन् ? त्यस्ता बालविवाहका घट्ना बिरुद्ध कुनै कारवाही भएको छ ? ३.४ के बालविवाह बिरुद्ध कारवाही गर्नलाई कुनै कानूनी अवराधे छ ? | |
| नोट : (कृपया छलफलको सार लेख्नुहोस्) | |

| ४. बालविवाह बिरुद्ध आगामी योजना राम्रा कार्यक्रमहरु, अभ्यासहरु तथा पहलहरु : |
|---|
| ४.१ भविष्यमा बालविवाह बिरुद्ध परिणाममुखी सबैभन्दा राम्रा कार्यक्रमहरु, अभ्यासहरु तथा पहलहरु के हुन सक्छ ? कृपया तलका प्रत्येक विषयमा विशिष्ट कार्यक्रमहरु उल्लेख गर्नुहोस् । बाल संरक्षण संयन्त्र सबलीकरण तथा परिचालन :<br><br>क्षमता अभिवृद्धि :<br><br>सचेतीकरण :<br><br>बालविवाह घटना व्यवस्थापन : |
| नोट : (कृपया छलफलको सार लेखे नुहोस्) |
| ५. बालविवाह अन्त्यका लागि विभिन्न इकाईको भूमिकाहरु : |
| ५.१ कृपया तल उल्लेखित विभिन्न इकाईहरुको बालविवाह अन्त्य तथा यस क्षेत्रलाई बालविवाह मुक्त क्षेत्र बनाउन खेल्नु पर्ने बिहिष्ट भूमिका उल्लेख गनुहोस् । |
| नोट : (कृपया प्रत्येक इकाईपछि लेख्नुहोस्)<br><br>१) बाल संरक्षण समिति :<br><br>२) बाल समुह :<br><br>३) नगरपालिका/वडा कार्यालय :<br><br>४) स्थानीय प्रहरी कार्यालय :<br><br>५) विद्यालय :<br><br>६) स्वास्थ्य चौकी :<br><br>७) वि.व्य.स./शि.अ.सं. :<br><br>८) सामाजिक सस्थाहरु, इत्यादि : |

## अनुसुची-३ :

**के.आई.आई. प्रश्नावली (स्वास्थ्यचौकीं) (मुख्य व्यक्तिहरुसंगको अन्तर्वार्ताका लागि प्रश्नावली)**

१. बालविवाहले निम्त्याएको प्रमुख स्वास्थ्य सम्बन्धि समस्याहरु वा मुद्दाहरु के के हुन् ?

क)

ख)

२. के तपाई २ वषर्को अवधिमा कतिओटा घटना भए भन्न सक्नुहुन्छ ? (बैशाख २०७३ देखि अहिलेसम्म)

क) मृत बच्चा जन्मिएको (Stillbirth) .

ख) गर्भमै तुहिएको (Miscarries) .

ग) पाठेघर सम्बन्धि समस्या (Uterus Problem)

घ) जन्मिएको १ बर्षभित्र बच्चाको मृत्यु भएको (Infant Mortality) .

ङ) मातृ मृत्युदर (Maternal Mortality) .

च) कम तौल भएको बच्चाहरु (Low weight babies) .

३. बालविवाह अन्त्यका लागि सबैभन्दा राम्रा क्रियाकलाप/कार्यक्रम के हुन सक्छन् ?

क)

ख)

४. चाँडै विवाह गर्ने जोडीहरु आफ्नो र बच्चाको हेरचाह सम्बन्धि कति सचेत हुन्छन् ?

क)

ख)

५. समुदायमा बालविवाह अन्त्य गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरुको के भूमिका के हुन सक्छ ?

क)

ख)

६. बालविवाह अन्त्यका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सक्रिय पार्न कस्तो प्रयास आवश्यक हुन्छ ? तिनीहरुको क्षमता कसरी बढाउन सकिन्छ ?

क)

ख)

॥ समाप्त ॥

# नगरौ बिहेको कुरा नहुँदै २० वर्ष पूरा ।

२० वर्ष उमेर नपुग्दै विवाह गर्नु गराउनु कानुनी अपराध हो ।

बालविवाह जस्तो दण्डनीय कार्यबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।।

## के हुन्छ बालविवाह गर्दा र गराउँदा ?

- विवाहले कानुनी मान्यता पाउँदैन र कानुन बमोजिम विवाह रद्दसम्म हुन्छ ।
- विवाह दर्ता गराउन नमिल्ने हुँदा श्रीमान् र श्रीमती बीच वैद्यानिक नाताको मान्यता मिल्दैन ।
- बालविवाह गर्ने र गराउने व्यक्तिलाई ७५,००० रुपैंयासम्म जरिवाना र ३ वर्षसम्म कैद हुनसक्छ (बालबालिका सम्बन्धी ऐन २०७५)।
- सानै उमेरमा गर्भ बस्न गई आमा र बच्चा दुवैको जीवन जोखिममा पर्न जान्छ ।
- शिक्षा प्राप्ति र पारिवारिक मायाँममताबाट वञ्चित भई घरेलु हिंसाको जोखिममा परिन्छ ।
- शारीरिक, मानसिक र बौद्धिक वृद्धि विकासमा बाधा पुग्दछ ।

**त्यसैले आजैबाट बालविवाहको विरुद्धमा जुटौं**
**"बालबालिकाहरूको सुनौलो भविष्यप्रति**
**सजग बनौं" ।।**